श्री ५ को सरकार

# कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०१९ सालको ऐन नं. ५८

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा-दक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्।

आयकर निर्धारण गरी असूल उपर गर्ने व्यवस्थाको निमित्त बनेको ऐन

प्रस्तावना:– आर्थिक ऐन, २०१९ बमोजिम लाग्ने आयकरको रकम निर्धारण गरी असूल उपर गर्ने कार्यप्रणाली व्यवस्थित गर्नुपरेकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ९३ अनुसार यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यो ऐनको नाम "नेपाल आयकर ऐन २०१९" रहेको छ।

(२) यो ऐन नेपाल अधिराज्य भर लागू हुनेछ र जहाँसुकै रहे बसेको भए तापनि श्री ५ को सबै कर्मचारीहरू र नेपाली नागरिकसमेतलाई लागू हुनेछ।

(३) यो ऐन, २०१९ साल श्रावण ९ गतेदेखि प्रारम्भ भएको मानिनेछ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "आय" भन्नाले देहायका स्रोतहरूबाट प्राप्त हुन आएको आम्दानीसमेत सबै किसिमको आम्दानीलाई जनाउँछः–

(१) व्यापार,
(२) पारिश्रमिक,
(३) कुनै पेशा व्यवसाय,
(४) घर जग्गा बहाल,
(५) नगदी वा जिन्सी लगानी,
(६) खेती,
(७) बिमा (इन्स्योरेन्स) व्यवसाय,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) एजेन्सी, र

(९) माथि नपरेका अन्य कुनै स्रोत।

(ख) "आयकर" भन्नाले खण्ड (क) बमोजिम कूल आयमा दफा १४, १५, १६, १७ वा दफा १८ बमोजिम खर्च कटाई बांकी हुन आएको खूद आयमा लाग्ने आयकरलाई जनाउँछ,

(ग) "कर अफिसर" भन्नाले यो ऐनको प्रयोजनको निमित्त श्री ५ को सरकारले नियुक्त गरेको वा तोकेको कर अफिसर सम्झनु पर्छ,

(घ) "करदाता" भन्नाले आयकर तिर्ने वा तिर्नुपर्ने कर्तव्य भएका सबैलाई जनाउँछ,

(ङ) "कम्पनी" भन्नाले नेपाल कानून बमोजिम गठन भएको वा नभएको कुनै कम्पनी, बैंक विमा वा संगठित संस्थासमेतलाई सम्झनु पर्छ,

(च) "फर्म" भन्नाले नेपाल कानून बमोजिम रजिष्ट्रेशन भएको वा नभएको एजेन्सीसमेतलाई सम्झनु पर्छ.

(छ) "कुनै स्वायत्त संस्था, वा कम्पनी वा फर्म वा सार्वजनिक संस्थाको सम्बन्धमा मुख्य अधिकारी" भन्नाले देहाय बमोजिमको व्यक्तिलाई सम्झनु पर्छ।

(१) सो स्वायत्त संस्था वा कम्पनी वा फर्म वा सार्वजनिक संस्थाको सचिव, कोषाध्यक्ष, मालिक (प्रोप्राइटर), प्रशासक, मेनेजर, एजण्ट, मैनेजिङ्ग डाइरेक्टर, वर्किङ्ग डाइरेक्टर वा मैनेजिङ्ग एजेण्ट वा

(२) सो स्वायत्त संस्था वा कम्पनी वा फर्म वा सार्वजनिक संस्थासंग सम्बन्धित अन्य कुनै अधिकारीलाई मुख्य अधिकारी भन्ने ठानी कर अफिसरले सूचना पठाएकोमा सो सूचना पाउने अधिकारी।

(ज) "व्यापार" भन्नाले मुनाफाको उद्देश्यले गरेको जुनसुकै कार्यलाई जनाउँछ,

(झ) "मुनाफा" भन्नाले व्यापारबाट आर्जन गरिएको वा प्राप्त भएको खूद मुनाफा सम्झनु पर्छ,

(ञ) "पारिश्रमिक" भन्नाले नगदी वा जिन्सीको रूपमा पाएको तलब भत्ता, कमिशन, विशेष भत्ता, बोनस, घर सुविधा र अरू सुविधालाई समेत जनाउँछ,

(ट) "पेशा व्यवसाय" भन्नाले आर्थिक लाभ गर्ने उद्देश्यले गरेको जुनसुकै पेशा वा व्यवसायलाई जनाउँछ,

(ठ) "घर जग्गा बहाल" भन्नाले कुनै घर जग्गा बहालमा दिए बापत नगदी वा जिन्सीको रूपमा प्राप्त जुनसुकै नगदी वा जिन्सी आयलाई सम्झनु पर्छ,

327
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ड) "नगदी वा जिन्सी लगानी" भन्नाले नगदी वा जिन्सी लगानीबाट प्राप्त जुनसुकै नगदी वा जिन्सी आयलाई सम्झनु पर्छ,

(ढ) "खेती" भन्नाले कुनै किसिमको खेतीबाट प्राप्त जिन्सी वा नगदी आयलाई सम्झनु पर्छ,

(ण) "तोकिएको वा तोकिए बमोजिमको" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ ।

३. आयकर निर्धारण र असूल उपर गर्ने:– सालबसाली वा कुनै एक सालको निमित्त आयकर लगाउने गरी कुनै ऐनबाट व्यवस्था भएमा त्यस्तो आयकर यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम अघिल्लो आर्थिक वर्षभित्र आर्जन गरिएको वा प्राप्त भएको आयमा निर्धारण गरी असूल उपर गरिने छ। तर आयकर निर्धारण गर्दा संयुक्त परिवारको आयको हिसाब नगरी व्यक्ति विशेषको आयको मात्र हिसाब गर्नुपर्छ ।

४. आयकर नलाग्ने:– प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कुरामा आयकर लाग्ने छैन:–

(क) विदेशी राष्ट्रको नेपाल अधिराज्यस्थित कुनै कूटनैतिक प्रतिनिधि तथा सो प्रतिनिधिको स्टाफको नेपाल नागरिक नभएको कर्मचारीलाई दिइने पारिश्रमिक,

(ख) आयकर तिर्नु नपर्ने शर्तमा श्री ५ को सरकारको सेवामा नियुक्त भएको विदेशी नागरिकलाई दिइने पारिश्रमिक वा श्री ५ को सरकारलाई सल्लाह र सहायता दिनका लागि नेपाल अधिराज्यभित्र बसेका विदेशी नागरिकलाई विदेशी सरकार वा विदेशी संस्था वा अन्तर्राष्ट्रिय संस्थाबाट दिइने पारिश्रमिक ,

(ग) कुनै कम्पनी वा फर्मको मुनाफामा सामुहिक रूपले कर लागिसकेको भए त्यसको प्रत्येक हिस्सेदारले सो कूल आम्दानीमध्ये पाएको आफ्नो हिस्सा,

(घ) धार्मिक कार्य वा सार्वजनिक हितको लागि खर्च गरिने बढीमा ने.रु. २०,००० बीस हजार वा खूद आयको ५ प्रतिशतमध्ये जून घटी हुन्छ सो रकम र गुठीको आयस्ता,

(ङ) नगर पञ्चायत, गाउँ पञ्चायत, सार्वजनिक संस्था वा शिक्षण संस्था वा नेपाल राष्ट्रबैंकको आय,

(च) श्री ५ को मन्त्री वा श्री ५ को सरकारका सहायक मन्त्रीलाई तलब बाहेक श्री ५ को सरकारबाट प्राप्त अन्य सुविधा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) कर्मचारी सञ्चय कोषको आम्दानी वा कुनै कर्मचारीले सो कोषमा जम्मा गरेको सांवा व्याजसमेतको फिर्ता पाउने रकम,

(ज) तोकिएको शर्त तथा बन्देजको अधीनमा रही कुनै कर्मचारीले कर्मचारी सञ्चयँ कोषमा आफ्नो पारिश्रमिकको अंकबाट कट्टा गरी जम्मा गरेको रकम,

(झ) श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी आंशिक वा पूर्ण रूपले आयकर नलाग्ने भनी तोकिदिएको आय।

५. मुख्य अधिकारी वा तलब बांड्ने अधिकारीको कर्तव्यः– (१) पारिश्रमिक, मुनाफा, कमिशन, पारितोषिक वा व्याजसमेतको रूपमा कुनै व्यक्तिलाई मासिक आवधिक वा वार्षिक भुक्तानी दिंदा यो ऐन वा प्रचलित नेपाल कानून बमोजिम आयकर लाग्ने रकम मुख्य अधिकारी वा पारिश्रमिक बांड्ने अधिकारीले सो व्यक्तिबाट कट्टा गरी सो कट्टा गरेको १५ दिनभित्र नेपाल राष्ट्रबेंक वा सो बैंक नभएको ठाउँमा माल अड्डामा दाखिल गरी सो कुराको सूचना सम्बन्धित कर अफिसरकहाँ दिनुपर्छ।

(२) उप–दफा (१) बमोजिमको आयकर कट्टी गर्दा साल भरीको अंक ठेकिएकोमा भए साल तमामी पछि सो करदाताबाट ठेकिएको रकम वा असूल उपर हुनुपर्ने आयकरको दामासाहीले हिसाब गरी कट्टा गर्नुपर्छ।

(३) उप–दफा (१) बमोजिम कट्टा गरेको रकम सो म्यादभित्र दाखिल नगर्ने अधिकारी कसूरदार मानिने छ।

(४) कुनै मुख्य अधिकारी वा तलब बांड्ने अधिकारीले उप–दफा (१) बमोजिम आयकर कट्टी गर्नुपर्नेमा अज्ञानतावश छुटाएमा वा घटी बढी कट्टा गरी बुझाएमा कट्टी गर्न छुट् भएको वा घटी बढी बुझाएको रकम अर्को पटकमा सम्बन्धित कर अड्डामा सूचना गरी मिलाउन पाइने छ।

(५) यस दफामा लेखिएका कुनै कुराले आयकर असूल उपर गर्ने अन्य तरीका-लाई बाधा पुऱ्याउने छैन।

६. वार्षिक विवरण दाखिल गर्नुपर्नेः– दफा ५ बमोजिम आयकर कट्टा गरी दाखिल गर्ने अधिकारीले आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्र तोकिए बमोजिमको फाराम भरी कट्टा गरेको रकमको वार्षिक विवरण सम्बन्धित कर अफिसरकहाँ पठाउनु पर्छ।

तर वार्षिक ने.रु. ६००० छ हजारभन्दा बढी आय प्राप्त गर्ने सबै व्यक्तिको विवरण पनि सम्बन्धित कर अफिसरकहाँ दिनुपर्छ।

७. विवरण दाखिल गर्नुपर्नेः– (१) यो ऐन वा प्रचलित नेपाल कानून बमोजिम आयकर तिर्नुपर्ने कर्तव्य भएका प्रत्येक करदाताले श्रावण १ गतेदेखि आषाढ मसान्तसम्म वा आर्थिक वर्ष समाप्त भएको मितिले तीन महीनाभित्र र स्वशासित संस्था वा कम्पनीले आर्थिक वर्ष समाप्त भएको चार महीनाभित्र नबढाई वा सो कम्पनीको बेलेन्स सीट (नाफा नोक्सानको हिसाब किताब) साधारण सभाबाट पास भएको मितिले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

एक महीनाभित्र आयकरको विवरण तोकिए बमोजिमको फाराममा भरी सम्बन्धित कर अफिसरकहां दाखिल गर्नु गराउनु पर्छ ।

स्पष्टीकरणः— यो दफाको प्रयोजनको लागि आर्थिक वर्ष भन्नाले कुनै करदाताले मानिआएको आर्थिक वर्षलाई सम्झनुपर्छ । तर कुनै परिस्थितिमा पनि ३६० दिनभन्दा बढी हुनेछैन र एकपटक मानिआएको आर्थिक वर्षलाई कर डाइरेक्टरको पूर्वलिखित स्वीकृति बेगर अदल बदल गर्न पाइनेछैन र कुनै पनि करदाताले एउटाभन्दा बढी आर्थिक वर्ष मान्न सक्नेछैन ।

(२) उप–दफा (१) मा जेसुकै लेखिएको भए तापनि एक सालभन्दा घटी अवधिको लागि काम गर्ने स्वदेशी वा विदेशी जुनसुकै करदाताले आफूले गर्न लागेको काम समाप्त हुनुभन्दा अगावै आफ्नो आयको विवरण सम्बन्धित कर अफिसरकहां दाखिल गर्नु गराउनु पर्छ ।

(३) उप–दफा (१) वा (२) अन्तर्गत दाखिल गर्नु गराउनुपर्ने विवरण कसैले दाखिल नगरे नगराएमा वा झुट्ठा विवरण दाखिल गरे गराएमा त्यस्तालाई कर अफिसरका आदेशले ने.रू. ५०० पांचसयसम्म जरिवाना हुन सक्नेछ ।

(४) उप–दफा (३) मा जेसुकै लेखिएको भए तापनि उप–दफा (१) वा (२) बमोजिम नगरी नगराई आयकर छल्न प्रयत्न गर्नेसंग सम्बन्धित कर अफिसरले आवश्यक सम्झे बमोजिमको धरौटी वा धन जमानी लिएर मात्र नेपाल अधिराज्य बाहिर जान इजाजत दिन सक्नेछ ।

८. आयकरको विवरण दाखिल गराउन कर अफिसरको अधिकारः— (१) यो ऐन वा प्रचलित ऐन बमोजिम आयकर लाग्ने आय भएको भनी कुनै व्यक्ति, स्वशासित संस्था वा कम्पनी उपर शंका लागेमा कर अफिसरले त्यस्तो व्यक्ति, स्वशासित संस्था वा कम्पनीलाई आफ्नू आयको विवरण दाखिल गर्नु गराउनु भनी लिखित आदेश दिन सक्नेछ । सो आदेश पाएको मितिले १५ दिनभित्र आफ्नू आयको विवरण तोकिएको ढांचामा कर अफिसरकहां दाखिल गर्नु गराउनु पर्दछ ।

तर माथि उल्लेख भएको म्यादभित्र पनि विवरण दाखिल गर्न गराउन नसक्नेले सो कुराको लिखित सूचना सो आदेशमा तोकेको म्यादभित्र कर अफिसरलाई दिनुपर्छ र सो कारण निजलाई विश्वासप्रद लागेमा निजले बढीमा एक महीनासम्मको थप म्याद दिन सक्नेछ ।

(२) उप–दफा (१) अन्तर्गत दिइएको आदेश पालन नगर्नेलाई कर अफिसरले ने.रू. ५००। पांचसयसम्म जरिवाना गर्न सक्नेछ ।

९. हिसाब किताब पेश गराउने अधिकारः— (१) दफा ६,७ वा दफा ८ बमोजिम कुनै कर अफिसरकहां दाखिल हुन आएको विवरण झुट्ठा वा अधुरो छ भन्ने निजलाई विश्वास



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हुने कारण भएमा निजले सो विवरण दाखिल गर्ने कम्पनी, स्वशासित संस्था वा व्यक्तिलाई लिखित सूचना पठाई सो समयको हिसाब किताब जांचबुझको लागि आफू छेउ दाखिल गर्न गराउन आदेश दिन सक्नेछ वा आफैंले वा आफ्नो अन्तर्गतका कुनै कर्मचारीलाई खटाई पठाई सो समयको हिसाब किताब जांचन लगाउन सक्नेछ।

(२) उप-दफा (१) बमोजिमको आदेश पालन नगर्नेलाई सम्बन्धित कर अफिसरले बढीमा ७ दिनसम्म थुनामा राख्न वा ने. रू. ५००। पांचसयसम्म जरिवाना गर्न सक्नेछ ।

१०. आयकरको निर्धारणः- (१) दफा ६, ७ वा दफा ८ बमोजिम विवरण दाखिल हुन आएपछि कर अफिसरले साधारणतः दुई महीनाभित्र प्रत्येक व्यक्ति, कम्पनी, स्वशासित संस्थाबाट यो एन वा प्रचलित नेपाल कानन बमोजिम असूल उपर गर्नुपर्ने आयकरको रकम निर्धारण गनुपछ ।

(२) उप-दफा (१) अन्तर्गत कर अफिसरले आयकर निर्धारण गर्दा आफू छेउ दाखिल भएका विवरणमाथि उचित विचार गन र त्यसको जांचबुझको प्रयोजनको लागि सम्बन्धित व्यक्तिका नाउंमा समन जारी गन, बयान वकपत्र गराउन र लिखतहरू दाखिल गराउने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहका सबै अधिकार निजलाई हुनेछ ।

तर यस दफा अन्तर्गत कारवाइ भएको कुरामा जति पटक गरे पनि जम्मा ७ दिनभन्दा बढी दिनको अर्जी गर्न र म्याद तारेख गुज्रेकोमा गुज्रेका मितिले ७ दिनभन्दा बढी दिलाई थमाई माग्न समेत पाउने छैन र एक पटक थामिसकेपछि पुनः म्याद तारेख गुजारेछ भने कुनै हालतमा थामिन सक्तैन ।

(३) उप-दफा (१) मा जेसुकै लेखिएको भए तापनि यो ऐन बमोजिम आयको विवरण दाखिल गर्नु गराउनुपर्ने कर्तव्य भएका व्यक्ति, कम्पनी वा स्वशासित संस्थाले त्यस्तो विवरण दाखिल नगरे नगराएमा वा झुट्टा विवरण दाखिल गरे गराएमा सो व्यक्ति, कम्पनी वा स्वशासित संस्थाको आयमा लाग्ने आयकर यथाशक्य न्यायोचित अनुमानबाट निर्धारण गर्दा सम्बन्धित कर अफिसरले सकभर देहायको आधारलाई ध्यानमा राख्नपर्छः-

(क) कर इन्स्पेक्टर वा अरू कसैको गोप्य रिपोर्ट परेको भए सो आधारमा,

(ख) त्यस्तै किसिमका अरू करदाताले त्यस्तै किसिमका आयमा के कति आयकर दिएको छ सो आधारमा,

(ग) कर अफिसरले त्यस्ता करदाताको सम्बन्धमा प्राप्त गरेको रिपोर्ट,

(घ) कर अफिसरले मुनासिब सम्झको अन्य आधार ।

११. आयकर निर्धारण समिति गठन गर्न सक्नेः- (१) दफा १० मा जेसुकै लेखिएको भए तापनि श्री ५ को सरकारले आवश्यक सम्झेमा कुनै व्यक्ति, कम्पनी वा स्वशासित संस्था-

३२५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बाट असूल उपर हुनुपर्ने आयकर निर्धारण गराउनको लागि नेपाल गजटमा सूचना प्रकाशित गरी श्री ५ को सरकारले तोकेको एकजना अध्यक्ष र अरू चारजना सदस्यहरू भएको आयकर निर्धारण समिति गठन गर्न सक्नेछ ।

(२) उप–दफा (१) बमोजिम गठन भएको समितिको गणपूरक संख्या तीन हुनेछ ।

(३) बहुमतको निर्णय मान्य हुनेछ तर मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिन सक्नेछ ।

(४) उप–दफा (१) बमोजिम गठन भएको समितिले आयकर निर्धारण गर्दा सो समितिको गठन सम्बन्धी सूचनामा तोकिदिएको आधार बमोजिम र तोकी नदिएमा यो ऐनको दफा १० को उप–दफा (३) मा उल्लेख भएको आधारलाई ध्यानमा राख्नुपर्छ ।

१२. आयकरको भुक्तानीः– (१) दफा १० वा दफा ११ अन्तर्गत निर्धारित गरिएको आयकरको रकम आयकर निर्धारणको आदेश प्राप्त भएको ३५ दिनभित्र करदाताले सोही आदेशमा तोकिएको कर अड्डामा दाखिल गर्नु गराउनु पर्दछ ।

(२) उप–दफा (१) बमोजिम नगरे नगराएमा कर अफिसरको सूचना अनुसार सो रकम स्थानीय माल अड्डाले वा श्री ५ को सरकारले तोकिदिएको अधिकारीले प्रचलित नेपाल कानूनको कार्यप्रणाली बमोजिम त्यस्ता करदाताको जायदाद गरी असूल उपर गरी लिन सक्नेछ ।

१३. खुद आयमा मात्र आयकर लाग्नेः– सालबसाली वा कुन एक सालको निमित्त आयकर लगाउने गरी कुनै ऐनबाट व्यवस्था भएमा दफा १४, १५, १६, १७ वा दफा १८ बमोजिम आवश्यक खर्चहरू कटाई निर्धारित हुन आएको खूद आयमा मात्र आयकर लगाई असूल उपर गर्नुपर्छ ।

१४. खेतीको खूद आय निकाल्ने तरीकाः– (१) कर अफिसरले खेतीमा खूद आयको हिसाब गर्दा खेतीबाट प्राप्त भएको आयको ¾ तीन चौथाइ मालपोत लगायत अरू खर्च बापत कटाई बांकी ¼ एक चौथाइलाई मात्र खूद आय मानिनेछ र त्यस्तो जिन्सी खूद आयलाई देहाय बमोजिम नगदीमा परिणत गरी लाग्ने आयकरको अंक निर्धारण गर्नुपर्छः–

(क) खोला टोला स्थानीय बजारका भाउ, वा

(ख) करदाताले बिक्री गरे गराएको भाउ, वा

(ग) श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकेको तरीका ।

३२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-दफा (१) मा जेसुकै लेखिएको भए तापनि बाढी, सुख्खा वा अन्य मुनासिब कारण भएमा श्री ५ को सरकारले आवश्यक सम्झे बमोजिमको रिहाइ दिन सक्नेछ ।

१५. घर जग्गा बहालको खूद आय निकाल्ने तरीका:- घर जग्गा बहालबाट प्राप्त भएको कूल आयमा १० दश प्रतिशत मर्मत सम्बन्धी अरू खर्च बापत कटाई बांकी ९० नब्बे प्रतिशतलाई मात्र खूद आय मानिनेछ ।

१६. नगदी वा जिन्सी लगानीको खूद आय निकाल्ने तरीका:- नगदी वा जिन्सी लगानी-बाट प्राप्त भएको व्याजमा १० दश प्रतिशत सबै खर्च बापत कटाई ९० नब्बे प्रतिशतलाई मात्र खूद आय मानिनेछ ।

तर कुनै कम्पनीले गरेको लगानीको खूद आय दफा १८ बमोजिम निर्धारित गर्नुपर्छ ।

१७. पेशा व्यवसायको खूद आय निकाल्ने तरीका:- पेशा वा व्यवसायबाट प्राप्त भएको कूल आय (नगदी वा जिन्सी) मा १० दश प्रतिशत सो पेशा व्यवसाय सम्बन्धी सबै खर्च बापत कटाई बांकी ९० नब्बे प्रतिशतलाई मात्र खूद आय मानिनेछ ।

१८ व्यापार, बिमा व्यवसाय वा एजेन्सीको खद आय निकाल्ने तरीका:- व्यापार, बिमा व्यवसाय वा एजेन्सीको आयको हिसाब गर्दा देहाय बमोजिम भएको खर्चको अंक कटाई बांकीलाई मात्र खूद आय मानिनेछ:-

(क) बहाल लिएको घर जग्गाको बहाल बापत तिरेको रकम,

(ख) मरम्मत गरी बस्ने शर्तमा लिएको घरको हकमा घर मरम्मत गर्दा लागेको रकम,

(ग) सापटी लिएको रुपैयांको व्याज,

(घ) घर जग्गामा कुत (तिरो) वा अन्य कुनै किसिमको कर तिरेको वा तिर्नुपर्ने रकम,

(ङ) काम लगाइएका कर्मचारी वा मजदूरलाई दिइएको पारिश्रमिक,

(च) असूल नहुने भनी स्रेस्तामा मिन्हाको लागि उल्लेख भएको रकम,

तर मिन्हा दिन हुने नहुने सम्बन्धमा सबै सबद प्रमाण सो सन्तोष-जनक लागेमा कर अफिसरले मिन्हा दिन सक्नेछ, तर मिन्हा दिएको रकम असूल उपर भएमा सो रकम असूल भएको सालको आयमा सम्मिलित हुनेछ,

(छ) कल सामान, फर्निचर तथा अरू साधनहरूको मरम्मतको लागि खर्च भएको मुनासिब रकम,

(ज) मेशिन जडान भएको घरको मोलको ६ प्रतिशत, व्यापार, बिमा-व्यवसाय बा एजेन्सीको लागि प्रयोग भएको घरमा सो घरको मोलको तीन प्रतिशत, कल सामानको मोलको दश प्रतिशत, फर्निचरमा मोलको

३२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पांच प्रतिशत, मोटर लरी, ट्रक आदि सवारीको साधनमा मोलको पन्ध्र प्रतिशत र अरू साधनमा मोलको सात प्रतिशतमा नबढाई टुटफुट (डिप्रिसियन) मिन्हा हुने रकम,

(झ) मुनाफा गर्न उद्देश्यले खर्च गरिएको मुनासिब माफिकको अरू रकम।

१९. आयकर रिहाइ दिन सक्नेछः– (१) यो ऐन वा प्रचलित नेपाल कानून बमोजिम लाग्ने आयकर नयां खोलिने उद्योगहरूमा काम चालू भएको मितिदेखि १० वर्षसम्मलाई जम्मै र त्यसपछि लाग्ने आयकरमा पच्चीस प्रतिशत श्री ५ को सरकारले रिहाइ दिन सक्नेछ।

(२) उप–दफा (१) बमोजिमको रिहाइ पाउनको लागि आयकर रिहाइ पाउने उद्योग हो भनी उद्योग विभागको सिफारिश हुनुपर्छ।

२०. अपीलः– (१) कुनै कर अफिसरले यो ऐनको दफा १०, ११, १४, १५, १६, १७ वा दफा १८ बमोजिम गरेको आदेशमा चित्त नबुझ्ने व्यक्तिले सूचना पाएका ३५ दिनभित्र सम्बन्धित बडाहाकिम वा मेजिष्ट्रेटकहां अपील गर्न सक्नेछ।

(२) सम्बन्धित बडाहाकिम वा मेजिष्ट्रेटबाट भएको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले निर्णयको सूचना पाएका ३५ दिनभित्र आय र कर अदालतमा अपील गर्न सक्नेछ।

(३) आफूलाई लाग्ने ठहरिएको करको रकमको जरिवाना बापतको रुपैयां धरौटी वा त्यत्ति अंकको धन जमानी सम्बन्धित कर अड्डा वा सम्बन्धित कर अफिसरले तोकेको अड्डामा नराखेसम्म उप–दफा (१) वा (२) बमोजिम अपील लाग्न सक्नेछैन।

(४) अरू नेपाल कानूनमा जेसुकै लेखिएको भए तापनि उप–दफा (१) वा (२) बमोजिम लाग्न सक्ने अपीलको निमित्त कुनै किसिमको थप म्याद पाइने वा दिइने छैन। तर आय र कर अदालतले चित्त बुझ्ने मुनासिब माफिकको कारण देखेमा एक पटक बढीसेबढी १५ दिनको म्याद थाम्न सक्नेछ।

(५) उप–दफा (२) बमोजिम पर्न आएका अपीलमा सो अपील परेको मुद्दा साधारणतः ६० दिनभित्र आय र कर अदालतले कारवाइ किनारा गर्नुपर्छ।

(६) उप–दफा (२) बमोजिम आय र कर अदालतमा गर्न सक्ने अपील सम्बन्धित कर अड्डा वा सम्बन्धित बडाहाकिम वा मेजिष्ट्रेटकहां दर्ता हुन सक्नेछ। यसरी दर्ता गराउने अपीलातलाई सोही अड्डामा तारेखमा राखी निजको अपीलपत्रलाई सो अड्डाले अपील दर्ता भएको १५ दिनभित्र आय र कर अदालतमा पठाइदिनुपर्छ।

(७) उप–दफा (६) मा जेसुकै लेखिएको भए तापनि सम्बन्धित अपीलातलाई आय र कर अदालतले झिकाउन चाहेमा वा सो अपीलात सोही अदालतमा हाजिर हुन चाहेमा, निजले सो बमोजिम पनि गर्न सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. सांचो सूचना दिनेलाई इनामः– यो ऐनको दफा ७ बमोजिम विवरण दाखिल गर्नु गराउनु-पर्ने कर्तव्य भएका कुनै व्यक्तिले सो नगरेको नगराएको वा झुट्टा विवरण दाखिल गरे गराएको कुराको सांचो सूचना दिने व्यक्तिलाई सो कुरा ठहर भएपछि दोषी व्यक्ति-बाट असूल उपर भएको आयकरको अंकको सयकडा २० बीस श्री ५ को सरकारको आदेशले इनामको रूपमा दिइनेछ ।

२२. यो ऐन बमोजिम दाखिल भएका कागजपत्र गोप्य राखिनेः– यस ऐन बमोजिम कर अड्डामा दाखिल भएका कागजपत्रहरू गोप्य राखिनेछ । ती कागजपत्रहरू आयकरसम्बन्धी कारवाइलाई बाहेक अन्य कामलाई प्रकाश गरिने र कुनै अदालतमा प्रमाणसमेत लाग्ने छैन ।

२३. विदेशी सरकारसंग सम्झौता गर्नसक्नेः– यो ऐनको उद्देश्य कार्यान्वित गर्नको लागि श्री ५ को सरकारले आवश्यक सम्झेमा विदेशी सरकारसंग सम्झौता गर्न सक्नेछ ।

२४. आयकर निर्धारण आदेश सच्याउन सक्नेः– यो ऐन बमोजिम आयकर निर्धारणको आदेशमा गणित सम्बन्धी भूल भएमा अन्तिम आयकर निर्धारण भइसकेको भए तापनि कर विभागको डाइरेक्टरको आदेश बमोजिम कर अफिसरले सो भूललाई सच्याई पुनः आयकर निर्धारण गर्न सक्नेछ ।

२५. नोक्सानी कट्टा हुनेः– कुनै करदाताले आयको विवरण दाखिल गरी गराई आयकर तिरिराखेकोमा कुनै कारणले गर्दा सो आयमा नोक्सानी हुन गएमा सो नोक्सानी मुनासिब भएमा अघिल्लो दुई वर्षसम्मको नोक्सानी कर निर्धारण भएको वर्षको आम्दानीबाट कट्टा गर्न दिइनेछ । तर यसरी नोक्सानी कट्टा गर्न दिंदा आयको जुन स्रोतको नोक्सानी हो सोही स्रोतबाट भएको आम्दानीबाट कट्टा गरी दिइनेछ ।

२६. लागू नहुनेः– शंका निवारणको लागि स्पष्ट गरिन्छ कि श्री ५ महाराजाधिराजको भत्ताको सम्बन्धमा यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमका कुनै कुरा लागू हुनेछैन ।

२७. कर अफिसरहरूः– (१) श्री ५ को सरकारले आवश्यक ठानेको संख्यामा यस ऐनको प्रयोजनको निमित्त कर अफिसरहरू नियुक्त गर्न सक्नेछ ।

(२) कुनै कर अफिसरको मातहतमा कति इलाका वा गाउं मौजा राख्ने हो भन्ने कुरा श्री ५ को सरकारले नेपाल गजेटमा प्रकाशित सूचनाद्वारा तोक्न सक्नेछ ।

(३) कुनै कर अफिसरले आफू मुनिका कुनै कर अधिकारीलाई आफ्नो अधिकार-मध्ये केही वा जम्मै लिखित रूपमा सुम्पन सक्नेछ । यसरी सुम्पिएको अधिकार बमोजिम निजले गरेको काम कर अफिसरले गरे सरह मान्य हुनेछ ।

(४) श्री ५ को सरकारले यो ऐन बमोजिम आफूले पाएको सबै वा केही अधिकार नेपाल गजेटमा सूचना प्रकाशित गरी कर अफिसरलाई सुम्पन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।